# काठमाडौँ महानगरपालिका
# द्वितीय त्रैमासिक परीक्षा-२०८२
## अनिवार्य नेपाली

**कक्षा : १० (दस)** **पूर्णाङ्क : ७५**
**समय : ३ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** (२)

| समूह 'क' | समूह 'ख' |
|---|---|
| निसाफ | त्रुटि हटाउने काम |
| टालो | निरन्तर |
| अनवरत | नाम चलेको |
| परिष्करण | गतिशील |
| | अदालती निर्णय |
| | कपडाको सानो टुक्रा |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस :** (२)

मानवीय संवेदनाको युगीन लय पक्रेर कलाकृति सिर्जना गर्ने कलाकार बिरलै जन्मिन्छन् । कलाका जादुले जगत्मा नवीन कीर्तिमान स्थापित गरेसँगै उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर युरोपको स्पेनमा एउटा अद्भूत प्रतिभाशाली बालकको जन्म भयो ।

(क) 'नयाँ' को पर्यायवाची शब्द ........................................ हो ।

(ख) 'मृत्यु' को विपरीतार्थी शब्द ........................................हो ।

(ग) अनेकार्थी शब्द............................................................हो ।

(घ) 'सय वर्षको अवधि' बुझाउने सिङ्गो शब्द ........................हो ।



**३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा पारिभाषिक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

स्वदेशबाट देखिएको विदेशको झिलिमिली टाढाको वन हरियो देखिन्छ भनेजस्तै हो । विदेश जानेले मात्र आफू नमरी स्वर्ग देखिन्न भन्ने उखान बुझ्छन् । गैरकानुनी ढङ्गबाट विदेशिनेहरू पछि कानुनको फन्दामा पर्दा पुर्पुरोमा हात राखेर पछुतो मान्दै धुरुधुरु रुनुपर्छ ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस :** (१)

(क) (अ) विबरण (आ) विवरण (इ) बिबरण (ई) बिवरण

(ख) (अ)सन्बोधन (आ) सङ्बोधन (इ) संबोधन (ई) सम्बोधन

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** (२)

भनिन्छ अकारण कोहि कसैको शत्रु हुँदैनन् तर झगडाको निहूँ सजिलै पाइन्छ । यदि त्यसो हुँदैनथ्यो भने मानिस यसरी किन अर्का सित झगडा गरेर बस्थ्यो ?

**५. रेखाङ्कित शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् :** (३)

<u>नेपाली</u> किताब पढौँ <u>अनि</u> गृहकार्य गरेपछि <u>धेरै</u> सिपालु हुन्छौँ । <u>हामी</u> मिहिनेती भयौँ भने सबैले <u>इनाम</u> दिन्छन् भनेर गुरुले <u>भन्नुभयो</u> ।

**६. दिइएका प्रश्नको उत्तर दिनुहोस् :** (२+२=४)

**(क) दिइएको अनुच्छेद पढी दुईओटा उपसर्ग व्युत्पन्न शब्द र दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

सुन्दर हिमाली दृश्यको अवलोकन अनि नेपालीको हार्दिक सद्भावमा चुर्लुम्म डुब्न पाइने हुनाले नै त विदेशीहरू नेपाललाई आफ्नो पर्यटन गन्तव्यको केन्द्र बनाउँन मन पराउँछन् ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

कक्षाकोठामा गुरुआमाको आगमन ढिला हुँदा छात्र र छात्रा मिलेर आआफू सरसल्लाह गरी कक्षाको कार्यलाई आलोपालो गर्दै अगि बढाउन तम्तयार बन्दा विद्यालयका प्रधानाध्यापक खुसी हुनुभयो ।

**(ख) दिइएको निबन्धांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति छन् । रोग नियन्त्रणका लागि रोग लाग्नुपूर्व नै प्रदान गरिने सेवा निरोधात्मक हो । स्वास्थ्य स्थिति सुधार गर्न प्रदान गरिने पोषण कार्यक्रम, स्वास्थ्यशिक्षा, वातावरणीय सरसफाइ कार्यक्रम जस्ता सेवा प्रवर्धनात्मक स्वास्थ्य सेवा हुन् । रोग लागेपछि निको पार्नका लागि प्रदान गरिने सेवालाई उपचारात्मक स्वास्थ्य सेवा भनिन्छ । उपचारात्मक स्वास्थ्य सेवाका लागि आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धतिबाहेक होमियोप्याथी, प्राकृतिक चिकित्सा, मनोचिकित्सा, अकुप्रेसर, युनानी चिकित्सा जस्ता अनेकौं उपचार पद्धति छन् । तीमध्ये युनानी, एलोप्याथिक, होमियोप्याथिक र आयुर्वेदिक गरी चार चिकित्सा पद्धति प्रचलित छन् । होमियोप्याथिक शब्दको अर्थ सदृश रोग चिकित्सा भन्ने बुझिन्छ । यसअनुसार रोगका सदृश वा समान लक्षण उब्जाउने औषधीय पदार्थद्वारा नै कुनै रोगको निदान गर्नु भन्ने बुझिन्छ ।

**प्रश्न**

(अ) होमियोप्याथिक कस्तो उपचार पद्धति हो ?

(आ) निरोधात्मक र प्रवर्धनात्मक कस्ता स्वास्थ्य सेवा हुन् ?

**१७. 'कर्तव्य' कथाका पात्र श्रीधर र मुरलीधरमध्ये तपाईंलाई कसको चरित्र मन पर्‍यो ? तर्कसहित मन पर्नुका कारण उल्लेख गर्नुहोस् ।** (४)

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** (३)

(क) उदात्त कर्मको यात्रा गर्दछन् जो सधैं सधैं
आदर्श नमुना मान्छे बन्दछन् विश्वमा तिनै ।

(ख) कर्तव्यको कसीमा घोटिँदा मात्र हरेक व्यक्तिको व्यक्तित्वको सफल परीक्षण हुन्छ ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** (७)

(क) दिइएको जीवनीको अंश पढी पाठसमेतका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :



देवकोटाको कवित्व प्रतिभा, कविताको गुणात्मक मूल्य र सङ्ख्यात्मक योगदान आज पनि अद्वितीय रहेको छ । नेपाली कविताको अहिलेसम्मको यात्रामा प्रतिभा, रचना परिमाण र उत्कृष्ट गुणस्तरका दृष्टिले देवकोटा सर्वोच्च कवि मानिएका छन् ।

**प्रश्न**

(अ) माथिको जीवनीको अंश र मूल पाठका आधारमा नेपाली भाषा साहित्यिका क्षेत्रमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको योगदानको समीक्षा गर्नुहोस् ।

(ख) दिइएको गद्यांश पढी मूल पाठसमेतका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

किन बस्ने यहाँ ? एक गाँस खानको निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौँला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले विदेशमा यसरी लत्येर बस्नुपर्छ र ?

**प्रश्न**

(अ) युवाहरूलाई विदेशिनबाट रोक्न 'घरको माया' एकाङ्कीले कस्तो सन्देश दिइएको छ ? दिइएको गद्यांश र मूल पाठका आधारमा समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (७)

(क) मेरो गाउँघर

(ख) युवा र राष्ट्रनिर्माण

(ग) नैतिक शिक्षाको महत्त्व

धन्यवाद !

**७. दिइएको अनुच्छेदलाई भूतकालको अज्ञात पक्षमा परिवर्तन गर्नुहोस् : (२)**

पूजा र आयुष छुट्टीमा गाउँ जान्छन्। उनीहरू त्यहाँ साथीभाइलाई भेट्छन्। आमाबुवालाई घरको काममा सघाउँछन्। छुट्टी सकिएपछि उनीहरू सहर आउँछन्।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (२)**

(क) सामान्यार्थक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफूले गर्ने कुनै कामको वर्णन गर्नुहोस्।

(ख) दिइएका प्रथम पुरुषका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

परीक्षा नजिक आएपछि मात्र म पढ्न थाल्छु। अगिपछि म घुमेर समय बिताउँछु। म घरमाा आएका साथीहरूलाई स्वागत गर्छु। मेरो यो बानीलाई सबैले राम्रो मान्छन्।

**९. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : (४)**

(क) तिमीले सिपमूलक तालिम लियौ। तिमी आत्मनिर्भर भयौ। (वाक्य संश्लेषण)

(ख) मेरो पनि कुरा सुनियोस्। (कर्तृ वाच्य)

(ग) भाइबहिनी पाठ घोक्दै छन्। (प्रेरणार्थक)

(घ) मौसमविद्ले भने, "भोलि साँझतिर असिनापानी आउँने छ।" (प्रत्यक्ष कथन)

**१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

भोजमाथि काका मुन्जले गरेको दानवी व्यवहारको कथा सम्झँदा मेरो मनमा झनझन् औडाहा छुट्यो। छोराको रक्षाका लागि गहन किल्ला फोरेर मैदानमा उत्रिरहेकी छु। हुन त तरवारको धारमा हिँड्दा मलाई निकै कष्ट होला तर व्याधाले खेदिएको बघिनी झैँ जस्तोसुकै दुःसाहसमा पनि पछि हट्दिन तर बाहिरी शत्रुलाई नदबाई घरमा रडाको मच्चाउनु ठिक होइन। मैले घनघोर <u>जङ्गलमा</u> एक्दै छोडिदिने लक्ष्मणसँग पछि सीताले गरेको व्यवहारलाई फेरि दोहोऱ्याऊँ कि अथवा अर्कै बाटो लिऊँ।

**प्रश्न**

(क) 'छोराको रक्षाका लागि गहन किल्ला फोरेर मैदानमा उत्रिरहेकी छु।' यस वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस्।



(ख) अनुच्छेदमा रेखाङ्कित **जङ्गलमा** शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस्।

(ग) 'मेरो मनमा झन्झन् औडाहा छुट्यो, मुञ्ज काकाको दावनी व्यवहारले।' यस वाक्यलाई व्याकरणिक पदक्रम मिलाएर लेख्नुहोस्।

(घ) म छोराको रक्षाका लागि गहन किल्ला फोरेर मैदानमा उत्रिरहेकी छु। वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस्।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

युवा राष्ट्रका मेरुदण्ड हुन्। भोलिका यस देशका सारथी, परिवर्तनका संवाहक र शक्तिका भण्डार हुन्। जोश, जाँगर, ऊर्जा, क्षमता, निर्भयता, निर्माणभाव, आत्मविश्वास आदि सद्‌गुण युवामा रहन्छन् भने क्रोध, हठीपना, अक्रोश आदि दुर्गुणहरू पनि युवामा नै रहन्छन्। जुनसुकै क्षेत्रमा परम्परादेखि चलिआएका रुढि, अन्धविश्वास र कुप्रथाहरू हटाउन युवाहरूकै योगदान अगाडि आउँछ। विभिन्न प्रकारका शोषण, अन्याय र अत्याचारका विरुद्ध सङ्घर्षमा उत्रिने र त्याग अनि बलिदानबाट विश्वमा ठूल्ठूला परिवर्तन ल्याउने युवा नै हुन्। प्रायः उमेरका आधारमा युवा समूहलाई छुट्याउने गरेको पाइए तापनि कति उमेरदेखि कति उमेरसम्मका व्यक्तिलाई युवा मान्ने भन्ने कुरा विभिन्न देशमा फरक फरक छ। नेपालको परिवेशमा भने १६ वर्षदेखि ५९ वर्षसम्मका व्यक्तिहरूलाई युवा समूहमा राखिएको भेटिन्छ। युवासमूह ऊर्जाशील, जोशजाँगरले भरिएका, साहसी र हिम्मतवाला व्यक्तिहरूको समूह हो जसको सहभागिताबिना देश विकासको बाटोमा लाग्न सक्दैन। तसर्थ युवा समूहलाई सही दिशानिर्देश गर्दै नयाँ कार्ययोजना बनाई पचालित गर्दै जानुपर्दछ जसले गर्दा देशमा सुशासन, स्थायी शान्ति स्थापना भई उन्नति र प्रगतिका मूलहरू फुट्छन्। यो नेपालजस्तो विकासशील राष्ट्रको आवश्यकता पनि हो।

**प्रश्न**

(अ) युवा को हुन् ?

(आ) युवामा कस्ता सद्‌गुण पाइन्छन् ?

(इ) युवा समूहलाई केका आधारमा छुट्याइन्छ ?

(ई) देशलाई अगाडि बढाउन युवाहरूलाई कसरी परिचालन गर्नुपर्ला ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

**(क) तलका बुँदाका आधारमा जीवनी लेखी शीर्षक पनि दिनुहोस् :**

**नाम :** गुरुप्रसाद मैनाली

**जन्ममिति र स्थान :** वि.सं. १९५७ ,भाद्र २३ , धनकुटा

**पुर्ख्यौली थलो :** तिमाल कानपुर, काभ्रेपलाञ्चोक

**पिता/माता :** काशीनाथ मैनाली/काशीरुपादेवी

**शिक्षा :** घरमै अनौपचारिक शिक्षा, स्वाध्यायनबाट प्रशस्त ज्ञान प्राप्त

**प्रमुख कृति :** नासो (एघार कथाहरूको सङ्ग्रह)

**विशेषता :** आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार, नेपाली कथा साहित्य लेखनमा आधुनिकता भित्र्याउने पहिलो कथाकार, कथाहरूमा गाउँले समाजको यथार्थ चित्रण गर्ने कथाकार,

**संलग्नता :** वि.सं. १९८३ देखि निजामती सेवाका विभिन्न कार्यालयमा जागिरे, न्याय विभागको अड्डामा पनि काम गरेका

**मृत्यु :** वि.सं. २०२८, जेठ ५ गते, आर्यघाट, काठमाडौँ ।

**(ख) आफ्नो बाल्यकालीन मित्रको मुटुको शल्यक्रिया हुँदा प्रतीक्षाको घडीमा आफ्ना मनमा उब्जेका भाव समेटी मनोवाद तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

(क) आफ्नो विद्यालयमा जम्मा हुन आउने फोहोर निःशुल्क व्यवस्थापन गरिदिन अनुरोध गर्दै विद्यालयका तर्फबाट स्थानीय वडा कार्यालयलाई लेख्ने निवेदन तयार पार्नुहोस् ।

(ख) तपाईंको विद्यालयको वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोहको महत्त्वपूर्ण विषयवस्तु समेटी कुनै राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्न समाचारको नमुना तयार गर्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्नुहोस् :** **(२)**

वास्तवमा समालोचनात्मक चिन्तनले कुनै पनि विचार घटना वा परिवेशलाई आँखा चिम्लिेर समर्थन गर्ने कुरालाई सही ठान्दैन । यो हरेक कुरालाई पूर्वाग्रह नराखेर अरूका भरमा मात्र नपरी आफ्नै विवेकका आँखाले हेर्नुपर्ने स्वस्थ चिन्तन हो । आजका समग्र वैज्ञानिक अविष्कार पनि यस्तै समालोचनात्मक चिन्तनकै उपज हुन् । यस्तो चिन्तन नहुँदो हो त न राइट दाजुभाइले हवाइजहाजको आविष्कार गर्थे न त न्युटनको गुरुत्वाकर्षणको शक्ति नै पत्ता लाग्थ्यो । समालोचनात्मक चेत भएको विद्यार्थीले शिक्षकको मतमा पनि प्राज्ञिक बहस गरेको हुन्छ । गुरुका मतमा फरक मत पनि राखेको हुन्छ । यसरी आफ्ना विद्यार्थीले होइन यस मान्यताअनुसार ससाना बालबालिकाले संस्कृतिका नाममा जरो गाडेर बसेका अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न गर्न सक्छन् ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** **(३)**

साइबर अपराधको सिकारबाट जोगिन कम्प्युटर, ल्यापटप र मोबाइलमा चलाइने सामाजिक सञ्जाललगायत पासवर्ड कसैलाई दिनुहुँदैन । समय समयमा पासवर्ड परिवर्तन गरिरहनुपर्छ । अपरिचित व्यक्ति वा संस्थाबाट आएका इमेल खोल्नुहुँदैन । इमेलमा काम गरिसकेपछि साइन आउट गर्नुपर्छ । इमेल वा सामाजिक सञ्जालमा आउन सक्ने आकर्षक उपहार वा चिट्ठाको भ्रममा पर्नुहुँदैन । यस्ता इमेल वा म्यासेज माथि शङ्का लागेमा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुपर्छ । आफू लुटिएको कुरा थाहा पाएपछि समयमै प्रहरीलाई खबर गरेको भए यसो हुने थिएन के गर्नु ? कुनै पनि मेल वा म्यासेजमा लिङ्क आएमा पहिला लिङ्क सही हो वा होइन पत्ता लगाएर मात्र लिङकमा क्लिक गर्ने गर्नुपर्छ । त्यसै गरी गैरकानुनी रूपमा अरूको वाइफाइ प्रयोग नगर्ने मोबाइल हराएमा नजिकको दूरसञ्चार सेवा प्रदायकलाई जानकारी गराई आफ्नो सिम ब्लक गराउन लगाउनुपर्छ ।

**१६. दिइएका दुवै प्रश्नको उत्तर दिनुहोस् :** **(४+४ = ८)**

**(क) दिइएको कविताांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

जुटेका ज्ञानले जो छन् पार्दै धर्ती मनोहर
उठेका कर्मले जो छन् गर्दै निर्माण सुन्दर
समर्पित भएका छन् जो सदा न्यायखातिर
संसारमा उठेका छन् तिनैका विजयी शिर ।

**प्रश्न**

(अ) संसारमा कस्ता मान्छे विजयी बन्छन् ?

(आ) यस कविताांशको सन्देश के हो ?